...च्च अदालतले चालू आर्थिक वर्षमा ...न्दा बढी मुद्दा फर्स्योट गरेको छ। आर्थिक ...७८/७९ को जेठ मसान्तसम्म लक्ष्यभन्दा ...तिशत बढी मुद्दा फर्स्योट गरेको छ। यस ...सार मसान्तसम्म ५६१ थान मुद्दा फर्स्योट गर्ने ...लिइएको छ।

...छ। २०६६ सालमा निर्माण भएको बिरामी कुरुवा भवन अहिलेसम्म प्रयोगमा आउन सकेको छैन। उता प्राथमिक स्वास्थ्य केन्द्रमा आउने बिरामीका कुरुवाले भने बस्ने ठाउँको अभावमा सास्ती पाउँदै आएका छन्।

स्थानीय सुनिल कुँवरले बिरामी कुरुवा भवन ... वीरबहादुर वलीले बिरामी कुरुवा भवनलाई सञ्चालन गर्ने तयारी गरिए पनि सञ्चालन गर्न नसकिएको बताउनुभयो। उहाँका अनुसार भवन भए पनि प्रयोगमा आउन सकेको छैन। प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन समितिका अध्यक्ष तथा छत्रेश्वरी गाउँपालिका-५ का वडाध्यक्ष फौदबहादुर बस्नेतले

...२०६२ सालमा सल्यान जिल्ला क्षेत्र नं. २ बाट राप्रपाका मनोनीत सांसद नरेन्द्रकुमार चौधरीको संसद् विकास कोषको रकमबाट भवन निर्माण गरिएको थियो। संसद् विकास कोषको एक लाख ७० हजार अनुदान र स्थानीयको एक लाख रुपियाँ बराबरको श्रमदान गरी कुल दुई लाख ७० हजार रुपियाँमा भवन निर्माण गरिएको थियो।

# ...लाउँदै तीन बालक

...त वर्षका मात्रै थिए। चार वर्षअघि ...छोडेर गएपछि भरतको काँधमा दुई ...भारी पनि थपिएको छ। भरतसँगै ... हस्त र पाँच वर्षका डाइमन ...जीमा बस्ती चहार्छन्। बालक ..., "बुवाको मृत्यु भयो, आमाले ...ह गरेर जानुभयो। त्यसयता ...ठमा बस्दै आएका छौं।"

...वर्षीय भरतलाई दुई भाइको ...को जिम्मेवारी पनि आइलागेको ... पेट पाल्नै पर्‍यो भन्ने लागेपछि ...आग्ने पेसामा लागेको भरतले ...भरतले पढ्ने चाहना हुँदाहुँदै पनि त्यो सम्भव नभएको बताए। उनी भन्छन्, "पढाइको त के कुरा, बाँच्नका लागि मागेर हिँडिएको छ।"

बुवा, आमा नहुँदा तीनै भाइको जन्मदर्ता पनि हुन सकेको छैन। आफन्तले चौपाया बाँध्ने गोठको एक कोठा दिएका छन्। लगाउनका लागि उनीहरूको शरीरमा राम्रो कपडा पनि छैन। ओढ्ने र ओछ्याउने पनि छैन। बालकका आफन्त रामे सार्कीले तीन बालकलाई दैनिकी चलाउन समस्या भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "कहिलेकाहीँ त खाना दिन्छौं। हामीसँग पनि छैन। कसरी के गर्नै?"

# ...का समाचार कम





नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
## नेपाल इन्टरमोडल यातायात विकास समिति
चोभार, कीर्तिपुर, काठमाडौं, फोन : ०१-४३३२८९६

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मिति : २०७९।०३।०७

यस कार्यालयबाट मिति २०७८।११।०४ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं | बोलपत्र नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम | कबोल रकम (VAT र PS सहित) |
|---|---|---|---|---|
| १ | NITDB/NCB/ C-36 (2077/078) | Construction of Additional Infrastructures in Kathmandu ICD | Ashish-Religare JV | रु. ५८,९२,६२,८२५।२० |

### नापी कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

जि. भक्तपुर सु.न.पा. वडा नं. ४ बस्ने भैरव राजथला समेत-६ जनाले हामीहरूको पिता, बाजे तथा ससुरा बाजे रामलाल राजठेउलाको नाममा २०२१ सालको नापीमा नापनक्सा भई दर्ता हुन बाँकी रहेको तपसिल अनुसारको कित्ता जग्गाहरू साबिक श्री कोष तथा तहसिल कार्यालय, भक्तपुरको रसिद नं. ५८३८५ मिति २०३०।०१।०५ को घरौटी रसिद भिडाई हामीहरूको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनी निवेदन पेस गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। यसमा निवेदकहरूको माग बमोजिम दर्ता हुनुपर्ने भए वा अन्य कसैको हक, भोग वा प्रमाण भित्रको जग्गा भए वा उक्त जग्गामा कुनै सरकारी, सार्वजनिक, ऐलानी, पर्ती, गुठी अधीनस्थ जग्गा पर्ने भए वा अन्य कसैले कहीं कतै दर्ता सम्बन्धी कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको ३५ (पैंतीस) दिनभित्र प्रमाण सहित हकदाबी गर्न आउनुहोला। अन्यथा नियमानुसार भइजाने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल